# रामपुर नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः ६ मितिः २०७६/०९/२५

## भाग -२

रामपुर नगरपालिकाको

**मेयर कप खेलकुद प्रतियोगिता सञ्चालन निर्देशिका, २०७६**

**प्रस्तावनाः**

नेपालको संविधान, विद्यमान खेलकुद नीति तथा खेलकुद विकास ऐन एवं नियमावलीको मर्म र भावना अनुरुप खेलकुदको समुचित विकास तथा विस्तारका लागि मूल आधारको रुपमा रहेका यूवाहरुलाई केन्द्र विन्दु बनाई खेलकुद प्रतिभाको खोजी गर्दै प्रतिभाको संरक्षण, संबर्द्धन र प्रबर्द्धन गर्ने, राष्ट्र निर्माण एवं विकासमा खेलाडीहरुको भूमिकालाई सबल, सक्षम एवं प्रभावकारी बनाउन स्थानीय स्तरमा विभिन्न खेलकुद प्रतियोगिताहरु सञ्चालन गरी उत्कृष्ट अनुशासित र सक्षम खेलाडीहरु तयार पार्दै भविष्यमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका प्रतियोगितामा सहभागी भै राष्ट्रको छवि उच्च बनाउने कार्यमा योगदान पुऱ्याउन सक्ने खेलाडी तयार गर्ने एवं राष्ट्रको खेलकुद अनुरुप यस नगरपालिकाका सबै वडाहरुको सहभागितामा सञ्चालन हुने खेलकुदका प्रतियोगिताहरुलाई अनुशासित, मर्यादित र व्यवस्थित रुपले सञ्चालन गर्ने उद्देश्यले मेयर कप खेलुकद प्रतियोगिता सञ्चालन एवं व्यवस्थापन गर्न रामपुर नगरपालिकाले यो **"मेयर कप खेलकुद प्रतियोगिता सञ्चालन निर्देशिका २०७६"** जारी गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम **"मेयर कप खेलकुद प्रतियोगिता सञ्चालन निर्देशिका, २०७६"** रहेको छ ।

(२) यो निर्देशिका स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) "नगरपालिका" भन्नाले रामपुर नगरपालिकालाई सम्झनुपर्दछ।

(ख) "नगर प्रमुख" भन्नाले रामपुर नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्दछ।

(ग) "मेयर कप खेलकुद प्रतियोगिता" भन्नाले प्रत्येक आर्थिक वर्षमा नगर खेलकुद विकास समितिद्धारा आयोजना गरिने विभिन्न प्रतियोगितात्मक खेलकुदहरु सम्झनुपर्दछ।

(घ) "लोगो" भन्नाले नगरपालिका अन्तर्गत नगर खेलकुद विकास समितिको सिफारिसमा नगरपालिकाबाट स्वीकृत गरी लागू गरिएको मेयर कप खेलकुद प्रतियोगिताको चिन्हलाई जनाउँछ।

(ङ) "गाउँ/टोल" भन्नाले सम्बन्धित वडा भित्र रहेका साना-साना बस्तीहरुलाई र टोल विकास कार्यविधी वमोजिमका टोलहरुलाई जनाउँदछ।

(च) "खेलकुद प्रतियोगिता" भन्नाले यस नगरपालिका अन्तर्गत नगर खेलकुद विकास समितिले प्रत्येक वर्ष आयोजना गर्ने मेयरकप खेलकुद प्रतियोगिता सम्झनु पर्नेछ।

(छ) "रनिङ्ग कप" भन्नाले यस प्रतियोगितामा प्रथम हुने वडा/टिमलाई प्रदान गरिने कप लाई सम्झनुपर्दछ।

(ज) "समिति" भन्नाले नगर खेलकुद विकास समितिलाई सम्झनुपर्दछ।

## परिच्छेद - २
## वडा स्तरमा संञ्चालन हुने मेयर कप खेलकुद छनौट प्रतियोगिता

**३. प्रतियोगिताको आयोजना तथा व्यवस्थापनः**

१. वडा स्तरीय मेयर कप खेलकुद प्रतियोगिता आयोजना, सञ्चालन तथा समन्वय गर्न सम्बन्धित वडा अध्यक्षको संयोजकत्वमा देहायका सदस्यहरु रहेको वडा स्तरीय मेयर कप खेलकुद समिति गठन हुनेछ ।वडा स्तरीय मेयर कप खेलकुद छनौट प्रतियोगिता वडा खेलकुद विकास समितिबाट संचालन हुनेछ।

(क) सम्बन्धितको वडा अध्यक्ष - संयोजक
(ख) वडा सचिव - सदस्य
(ग) सम्बन्धित वडा प्रहरी कार्यालयको प्रमुख - सदस्य
(घ) नगर खेलकुद विकास समितिका अध्यक्षले तोकेको १ जना - सदस्य
(ङ) सम्बन्धित स्थानीय वडामा बसोबास गर्ने पूर्व खेलाडीहरु/खेलप्रेमीहरु मध्येबाट संयोजकले तोकेको १ जना - सदस्य

२. वडा स्तरीय मेयर कप खेलकुद छनौट प्रतियोगिता व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारहरु देहाय अनुसार हुनेछन्।

(क) गाउँ/टोल स्तरीय मेयर कप खेलकुद छनौट प्रतियोगिता आयोजना तथा व्यवस्थापन तथा अनुगमन गर्ने ।

(ख) गाँउ/टोल स्तरीय मेयर कप खेलकुद छनौट प्रतियोगिता आयोजनाका लागि आवश्यक पूर्वाधारको विकास र व्यवस्था गर्ने ।

(ग) गाउँ/टोल स्तरीय मेयर कप खेलकुद छनौट प्रतियोगिता सञ्चालन गर्न नगरपालिकाबाट नगर खेलकुद विकास समितिले निर्धारित गरेको तालिका अनुसार हुने गरी मिति तथा समय तोकी उपयुक्त स्थान छनौट गर्ने।

(घ) सम्बन्धित वडाका सम्पूर्ण यूवा तथा खेलाडीहरुलाई प्रतियोगितामा भाग लिन प्रोत्साहन गर्ने ।

(ङ) मेयर कप खेलकुद छनौट प्रतियोगिता आयोजना सम्बन्धमा नगर खेलकुद विकास समितिसँग आवश्यक समन्वय गरी सो आयोजना सम्बन्धमा विवाद उत्पन्न भएको अवस्थामा समाधान गर्ने ।

(च) समितिको बैठक सम्बन्धी कार्यविधि तयार गर्ने ।

(छ) प्रतियोगितालाई व्यवस्थित र मर्यादित बनाउनका लागि सरोकारवाला निकायहरुसँग आवश्यक समन्वय गर्ने ।

(ज) मेयर कप खेलकुद छनौट प्रतियोगिताको लागि सम्बन्धित वडामा विनियोजित रकमलाई अधिकतम रुपमा सदुपयोग गर्ने गरी प्रतियोगिता सञ्चालनको व्यवस्था मिलाउने ।

(झ) वडा स्तरिय प्रतियोगिता सम्पन्न गरी छनौट भएका खेलाडीहरुलाई निर्धारित कोटा अनुसार नगर स्तरिय खेलकुद प्रतियोगितामा सहभागी बनाउने।

(ञ) प्रतियोगिता सञ्चालनका लागि आवश्यक थप आर्थिक श्रोत जुटाउन पहल गर्ने ।

(ट) प्रतियोगिता सञ्चालनका लागि आवश्यक पर्ने प्राविधिक, आर्थिक, प्रचारप्रसार जस्ता उपसमितिहरु गठन गर्ने ।

३. नगर स्तरीय मेयर कप खेलकुद प्रतियोगिता सञ्चालन गर्न नगर प्रमुखको संयोजकत्वमा देहायका सदस्यहरु रहेको नगर स्तरीय मेयर कप खेलकुद प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समिति गठन हुनेछ । यस समितिको निर्देशन अनुसार नगर स्तरीय मेयर कप खेलकुद प्रतियोगिताको आयोजना तथा सञ्चालन नगर खेलकुद विकास समितिबाट हुनेछ ।

(क) नगर प्रमुख – संयोजक

(ख) उप प्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(घ) ईलाका प्रशासन कार्यालय प्रमुख - सदस्य

(ङ) प्रतियोगिता सञ्चालन हुने वडाको वडा अध्यक्ष - सदस्य

(च) नगरपालिकामा स्थित नेपाली सेनाको प्रमुख - सदस्य

(छ) ईलाका प्रहरी कार्यालयको प्रमुख - सदस्य

(ज) नगर खेलकुद विकास समितिका अध्यक्ष - सदस्य

(झ) सम्बन्धित नगरपालिकामा खेलकुदमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरु मध्येबाट नगर प्रमुखले मनोनित गरेको कम्तीमा १ जना महिला सहित २ जना - सदस्य

(ञ) नगर शिक्षा शाखा प्रमुख — सदस्य सचिव

४. नगर स्तरीय मेयर कप खेलकुद प्रतियोगितामा व्यवस्थापन तथा निर्देशन समितिको काम, कर्तव्य र अधिकारहरु देहाय अनुसार हुनेछन् ।

(क) वडा स्तरीय मेयर कप खेलकुद छनौट प्रतियोगिता र नगर स्तरीय मेयर कप खेलकुद प्रतियोगिता व्यवस्थित एवं मर्यादित रुपमा सञ्चालन गर्न नगर खेलकुद विकास समितिलाई जिम्मा दिने।

(ख) नगरपालिका कार्यालयबाट उपलब्ध गराउन सकिने स्रोत, साधन तथा सामाग्रीहरु नगर खेलकुद विकास समितिलाई उपलब्ध गराउने।

(ग) प्रतियोगिता संञ्चालनका लागि प्राविधिक, आर्थिक तथा अन्य सहयोगहरु उपलब्ध गराउने।

(घ) नगर खेलकुद विकास समिति गठन गर्ने र कार्यपालिकाबाट पारित गर्ने।

(ङ) नगर खेलकुद विकास समितिलाई आवश्यक सबै प्रकारका सहयोग गर्ने।

(च) नगर खेलकुद विकास समितिलाई सरसल्लाह, सुझाव तथा निर्देशन दिने।

५. वडा स्तरीय मेयर कप खेलकुद छनौट प्रतियोगिता समितिले गाउँ/टोल स्तरमा प्रतियोगिता सञ्चालन गरी देहाय बमोजिमका खेलाडी तथा टोलीलाई नगर स्तरीय प्रतियोगितामा सहभागी गराउनु पर्नेछ ।

(क) प्रत्येक वडाबाट प्रति खेल १ जना वा १ समुह मात्र खेलाडीहरु सहभागी गराउने।

(ख) समुहगत खेलहरुमा नगर खेलकुद विकास समितिले निर्धारण गरेको संख्या बराबर मात्र खेलाडीहरु सहभागी गराउने।

तर (क) र (ख) मा जे लेखिएको भएतापनि टिम गेमको हकमा प्रत्येक वडाले प्रत्येक इभेन्टसमा एउटा मात्र टिम सहभागी गराउन पाउनेछ। वडाले छनौट गरी खेलाडी परिवर्तन नगरी सोही टिमलाई नगर स्तरीय मेयर कप खेलकुद प्रतियोगितामा सहभागी गराउनु पर्नेछ।

**४.नगर खेलकुद विकास समिति गठन सम्बन्धि व्यवस्थाः**

(क) नगरपालिका भित्रका १० वटै वडाहरुबाट वडा अध्यक्षले १/१ जना सदस्य रहने गरि १० जना प्रतिनिधि वडा समितिको निर्णय गरी पठाउनु पर्नेछ।

(ख) नगरपालिका भित्रका पूर्व खेलाडीहरु/खेलप्रेमीहरु तथा समाज सेवीहरु मध्येबाट कम्तिमा २ जना महिला सहित नगर प्रमुखले तोकेको ५ जना प्रतिनिधिहरु छनौट गरिने छ।

(ग) बुँदा नं ५(क) वमोजिम छनौट भई आएका १० जना र (ख) वमोजिम मनोनीत भई आएका ५ जना सहित जम्मा १५ सदस्सीय नगर खेलकुद विकास समिति निर्माण गरिने छ।

(घ) वुँदा नं (ग ) अनुसार आएका १५ जना प्रतिनिधि मध्येबाट आपसी सामझदारी वा वहुमतको आधारमा समितिको पद चयन गर्न सकिनेछ।यस समितिको गठन प्रत्येक आर्थिक वर्षमा गर्न सकिनेछ।

**५. नगर खेलकुद विकास समितिमा देहाय वमोजिमको सदस्यहरु रहने छ।**

(क) अध्यक्ष — १ जना
वरिष्ठ उपाध्यक्ष — १ जना
उपाध्यक्ष — १ जना
महासचिव — १ जना
सचिव — १ जना

कोषाध्यक्ष — १ जना
सहसचिव — १ जना
सदस्यहरु — ८ जना
जम्मा — १५ जना

**६. नगर खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकारः**

(क) नगरपालिका भित्रको सम्भावित सम्पूर्ण खेलकुद सँग सम्बन्धित सवै विषय तथा सम्भावनाहरुको खोजी गर्ने।

(ख) प्रत्येक टोल/गाउँ/वडामा रहेका प्रतिभावान यूवा खेलाडीहरुको पहिचान गरि आवश्यक सहयोग तथा वातावरण बनाई खेल मार्फत वडा/नगरपालिकाको गौरव तथा प्रतिष्ठा माथि/उँचो बनाउन प्रयास गर्ने।

(ग) प्रतिभावान खेलाडीहरुको स्वास्थ्यका साथै खेल मार्फत पहिचान र आत्मनिर्भर बन्ने वातावरण बनाउन सहयोग गर्ने।

(घ) नगरपालिका संगको सल्लाह, समन्वय र अनुमति लिई अन्तर पालिका, अन्तर जिल्ला साथै राष्ट्रिय र अन्तराष्ट्रिय खेलकुद प्रतियोगिताहरु आयोजना साथै त्यस्ता प्रतियोगितामहरुमा यस नगरपालिकाबाट सहभागी गराई विजयी बनाउने वातावरण तयार गर्ने।

(ङ) नगरपालिका भित्र आयोजना हुने (प्रत्येक वडा वा अन्य) कुनै पनि खेलकुदका कार्यक्रमहरुलाई मर्यादित अनुशासीत, पारदर्शी एंव गुणस्तरीय बनाउनका लागि खेल सम्बन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय नीति नियमहरुलाई पालना गरी स्थानीय नीति नियमहरु तयार गरी नगरपालिकाबाट अनुमोदन गराई लागु गराउने।

(च) आवश्यकता अनुसार खेलका प्रशिक्षक, व्यवस्थापक, रेफ्री(एम्पाएर)हरु र अन्य जनशक्तिको व्यवस्था गर्ने।

(छ) सल्लाहकार समिति लगायतका अन्य आवश्कीय समितिहरु गठन गर्ने।

(ज) नगरपालिका भित्रका उदीयमान एंव प्रतिभावान खेलाडीहरुलाई सबै खाले अवसरहरुमा सहभागी गराई नगरपालिकाको शान र मान राख्न सहयोग गर्ने।

(झ) प्रतिभावान यूवा तथा खेलाडीहरुलाई पुरस्कृत गर्ने, सम्मान गर्ने साथै प्रोत्साहन गरी खेल क्षेत्रको विकासमा सम्पूर्ण कार्य गर्ने।

(ञ) वार्षिक रुपमा मेयर कप खेलकुद प्रतियोगिता आयोजना गर्ने।

(ट) खेलकुदसँग सम्बन्धित अन्य कार्यहरु गर्ने।

## ७. प्रतियोगिता सञ्चालन प्रक्रियाः

(क) वडा स्तरीय प्रतियोगितामा सहभागी हुन सम्बन्धित ईच्छुक वडावासीहरुले अनुसूची -१ बमोजिमको फाराम स्वयम खेलाडीले भरि/भराई तोकिएको समयमा वडा स्तरीय मेयर कप खेलकुद छनौट प्रतियोगिता व्यवस्थापन समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

(ख) वडा स्तरीय प्रतियोगिताका छनौट खेलाडीहरुलाई प्रदान गरिने प्रमाणपत्रको ढाँचा अनुसूची - २ मा उल्लेख भए बमोजिम हुनेछ ।

(ग) वडा स्तरीय प्रतियोगितामा संलग्न गरिने खेलका इभेन्टहरू नगर खेलकुद विकास समितिले कम्तिमा २ महिना अगावै वडालाई जानकारी गराउनु पर्नेछ।

(घ) वडा स्तरीय मेयर कप खेलकुद प्रतियोगिता मौसमको अनुकूलता समेत हेरी चालु आर्थिक वर्षको माघ मसान्तभित्र र नगर स्तरीय मेयर कप खेलकुद प्रतियोगिता फागुन

(ङ) मसान्त भित्र सम्पन्न गरिसक्नु पर्नेछ । वडा स्तरीय प्रतियोगितामा सहभागी नभई/नगर स्तरीय मेयर कप खेलकुद प्रतियोगितामा सहभागी हुन पाइने छैन ।

(च) वडा स्तरीय प्रतियोगिता मेयर कप खेलकुद छनौट प्रतियोगिता समितिले प्रतियोगिता सञ्चालन हुने स्थान, मिति र सञ्चालन हुने खेलहरूको विवरण सहितको जानकारी कम्तिमा १ महिना अगावै वडावासीहरू सबैलाई उपलब्ध गराउनुपर्नेछ ।

(छ) वडा स्तरीय प्रतियोगितामा सहभागी हुन सम्बन्धित वडाको मेयर कप खेलकुद छनौट प्रतियोगिता समितिले अनुसूची १ बमोजिमको फारम खेलाडीहरुबाट भराई तोकिएको समय भित्रै संकलन गर्नुपर्नेछ ।

(ज) वडा स्तरीय प्रतियोगिताको मेयर कप खेलकुद छनौट प्रतियोगिता समितिले प्रतियोगिता सम्पन्न भएको मितिले ७ दिन भित्र खेलको नतिजा सहितको प्रगति प्रतिवेदन अनुसूची - ४ बमोजिमको ढाँचामा नगर खेलकुद विकास समितिमा अनिवार्य रूपमा पठाउनु पर्नेछ ।

(झ) प्रस्तुत प्रतियोगिता नियमित प्रतियोगिता भएकाले अघिल्लो वर्षको कप नै विजयी वडालाई रनिङ कपको रूपमा उपलब्ध गराउने व्यवस्था गरी यसै क्रमलाई निरन्तरता दिइनेछ तर एउटै वडाले निरन्तर रूपमा तीन पटकसम्म रनिङ कप जितेमा सो कप उक्त वडाले सधैंको लागि राख्न पाउनेछ । आगामी प्रतियोगिताका लागि आयोजकले नयाँ कप बनाउनु पर्नेछ । रनिङ कप हराएमा, नासिएमा वा मासिएमा जिम्मा लिएको निकायले साबिक बमोजिम कै रनिङ कप तयार गरी सम्बन्धित निकायलाई उपलब्ध गराउनु पर्नेछ ।मेयर कप खेलकुद प्रतियोगितामा प्रयोग हुने कपको नमूना नगर खेलकुद विकास समितिको सिफारिसमा नगरपालिकाको समितिले तोके बमोजिमको हुनेछ ।

(ञ) आयोजकले प्रतियोगिताको टाइसिट सकेसम्म कम्तिमा ५०% सहभागीहरुको प्रतिनिधिहरूको रोहवरमा निर्माण गर्नु पर्नेछ ।

(ट) प्रतियोगिताको आयोजकले प्रत्येक इभेन्ट्सका छनौट भएका खेलाडीहरूलाई पदक तथा प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ । सञ्चालित प्रतियोगितामा प्रथम हुने वडालाई कप सहित नगद, ट्रफी र प्रमाणपत्र प्रदान गर्नु पर्नेछ । साथै द्वितीय र तृतीय हुने वडालाई ट्रफी, नगद र प्रमाणपत्र प्रदान गर्नु पर्नेछ ।

(ठ) नगर स्तरीय मेयर कप खेलकुद प्रतियोगितामा सहभागी हुन पठाउँदा सम्बन्धित वडाले खेलाडीहरुलाई पोशाक र झन्डाको व्यवस्था गर्नुपर्नेछ । उक्त प्रतियोगितामा सहभागी हुने खेलाडीको सम्पूर्ण खर्च स्वयंले वा सम्बन्धित व्यहोर्नु पर्नेछ ।

(ड) आयोजकले प्रतियोगिता सञ्चालन गर्न स्थानीय स्तरमा पनि थप स्रोत जुटाउन सक्नेछ ।

(ढ) काबु बाहिरको विशेष परिस्थिति पर्न गई प्रतियोगिता स्थगित गर्नु परेमा सो को कारण सहितको निर्णय र उक्त प्रतियोगिता परिस्थिति अनुकूल हुनासाथ पुनः सञ्चालन हुने व्यहोरा समेतको लिखित जानकारी वडा स्तरीय मेयर कप खेलकुद छनौट प्रतियोगिता व्यवस्थापन समितिले नगर खेलकुद विकास समितिलाई र खेलकुद विकास समितिले निर्देशन समितिलाई गराउनु पर्नेछ।

(ण) पूर्वाधार र बसोबासको व्यवस्थालाई समेत विचार गरी इच्छुक वडाहरूका बीच वर्षे पिच्छे अलग-अलग स्थानमा आपसी समझदारीमा झन्डा हस्तान्तरण गरिने प्रक्रियाद्वारा प्रतियोगिता सञ्चालन गर्न सकिनेछ ।

(त) आयोजकले विनियोजित रकमको खर्चको विवरण लेखा परिक्षण गराई सो को प्रतिवेदन आ.व. समाप्त भएको तीन महिनाभित्र नगर स्तरीय खेलकुद विकास समिति, मार्फत नगरपालिकामा अनिवार्य रूपमा पठाउनु पर्नेछ ।

**८. मूल्याङ्कनका आधारहरूः**

(क) मेयर कप खेलकुद प्रतियोगितामा समावेश भएका सम्पूर्ण खेल/विधा तथा प्रत्येक इभेन्ट्सहरुको (व्यक्तिगत तथा सामूहिक स्पर्धा तर्फ) प्रथम स्थान हासिल गर्नेलाई स्वर्ण, द्वितीय स्थान हासिल गर्नेलाई रजत र तृतीय स्थान हासिल गर्नेलाई कास्य पदक र अनुसूची — ३ वमोजिम प्रमाणपत्र दिइनेछ। समग्रमा प्रथम स्थान, द्वितीय स्थान र तृतीय स्थानको निर्णय गर्दा स्वर्ण, रजत र कास्य पदक संख्याको आधारमा क्रमशः स्थान निर्धारण गरिनेछ । तर कुनै वडाले प्राप्त गरेका पदकका प्रकारहरुको संख्या समान रहेमा टिम खेललाई छुट्याउने आधार बनाउनु पर्नेछ । टिम खेलको समेत समान रहेमा बढी खेलाडी आवश्यक हुने टिमका आधारमा स्थान निर्धारण गरिनेछ र सोबाट समेत नछुट्टिएमा गोला प्रथाबाट छुट्याउनु पर्नेछ ।

(ख) साथै प्रतियोगिता सञ्चालनका क्रममा निर्णायकबाट भएको निर्णयमा चित्त नबुझी कुनै प्रतियोगीले आयोजक वा सञ्चालन गर्ने समिति समक्ष लिखित रुपमा प्रतियोगिता सञ्चालन गर्ने समितिले तोके वमोजिमको ढाँचामा उजुरी गरेमा जाँचबुझ गरी उपयुक्त निर्णय गर्न सक्नेछ ।

**९. खेलकुद प्रतियोगितामा सहभागी हुने खेलाडीहरु सम्बन्धी विशेष व्यवस्थाः**

(क) यस निर्देशिकामा जुनसुकै कुरा लेखिएको भएतापनि चालु आर्थिक वर्षमा सम्बन्धित वडाको स्थायी वासिन्दाको रूपमा रहेका खेलाडीहरू मात्र यस निर्देशिका बमोजिम सञ्चालन हुने खेलकुद प्रतियोगिताहरूमा सहभागी हुन सक्नेछन् ।

(ख) प्रतियोगितामा सहभागी खेलाडीहरुले एक खेल/विधामा मात्र सहभागी हुन पाउनेछ।

(ग) अन्तराष्ट्रिय स्तरको प्रतियोगिता सहभागी भैसकेको खेलाडीलाई यस प्रतियोगितामा सहभागी गराइने छैन ।

(घ) मापदण्ड भन्दा बाहिरका खेलाडीहरुले भाग लिन पाउने छैन । यदि कसैले भाग लिई प्रतियोगितामा पदक प्राप्त गरेको खण्डमा त्यस्तो पदक खोस्ने र निकतम प्रतिस्पर्धी खेलाडीलाई प्रदान गरिने तथा मापदण्ड बाहिरका खेलाडी सहभागी गराउने वडा र वडाध्यक्षलाई आयोजक समितिले उचित देखेको अनुशासन सम्बन्धी कारवाही गर्ने वा कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(ङ) सहभागी खेलाडीको विषयमा कुनै विवाद भएमा देहाय वमोजिमका कागजातहरु छानविनको लागि माग गर्न सकिनेछ।

- नेपाली नागरिकताको प्रमाण पत्र।
- सम्बन्धित वडाको स्थायी वासी भए/नभएको भन्ने सम्बन्धमा वडाको सिफारिस।
- बसाई सराईको कागज।
- अन्य आवश्यक कागजातहरु।

**१०. आर्थिक पक्षः**

(१) रकम विनियोजनका आधारहरु देहाय अनुसार हुनेछन् ।

(क) गाउँ/टोल स्तरीय प्रतियोगिताका लागि प्रत्येक वडालाई रु १५ हजारमा नघटाई नगरपालिकाले नगर सभाबाट मेयर कप खेलकुद प्रतियोगिता शिर्षकमा विनियोजन गरेको वजेट मध्येबाट बजेट विनियोजन हुनेछ ।

(२) यस निर्देशिकाले समेटेका खेलकुद प्रतियोगिताका लागि नगरपालिकाले उपलब्ध गराएको बजेट सोही शीर्षकमा मात्र प्रचलित आर्थिक ऐन, नियमको परिधि भित्र रही खर्च गर्नुपर्ने दायित्व आयोजकको हुनेछ । प्रतियोगिता सञ्चालन गर्न नसक्ने आयोजकले प्राप्त निकासा रकमलाई नियमानुसार फिर्ता गर्नु पर्नेछ ।

**११. विनियोजित रकमको खर्चका आधारहरूः**

(क) खेल प्रतियोगिता सञ्चालनका लागि विनियोजित बजेट खर्च गर्दा आयोजकले नेपाल सरकारको प्रचलित आर्थिक ऐन, नियमको परिधि भित्र रही खर्च गर्नु पर्नेछ । साथै, खेल प्रतियोगिता सञ्चालनको लागि विनियोजित बजेट अन्य प्रयोजनको लागि वा यो निर्देशिकामा भएको व्यवस्था बाहिर गएर खर्च गर्न पाइने छैन ।

(ख) प्रतियोगिताको लागि विनियोजित बजेट कार्यक्रम सम्बन्धी बैठक खाजा, प्रचारप्रसार खेल सामाग्री, खेलमैदान मर्मत/निर्माण, प्रमाणपत्र, नगद पुरस्कार तथा पदक, प्रतियोगिता उद्घघाटन, सञ्चालन, समापन र नगर स्तरीय प्रतियोगितामा सहभागी हुन जाँदा उपयोग गर्न सकिनेछ । प्रतियोगिताको उद्घघाटन, समापन जस्ता कार्यक्रम सञ्चालन गर्दा मितव्ययिता अपनाउनु पर्नेछ ।

(ग) वडा स्तरीय प्रतियोगिता आयोजकले विनियोजित रकमको खर्चको विवरण प्रतियोगिता सम्पन्न भए लगत्तै प्रगति विवरणसाथ संलग्न गरी नगर स्तरीय मेयर कप खेलकुद प्रतियोगिता आयोजक समितिलाई पेश गर्नु पर्नेछ । नगर खेलकुद विकास समितिले यस कार्यक्रमका लागि विनियोजित रकमको लेखा परीक्षण प्रतिवेदन आ.व. को अन्त्यमा नगरपालिकामा पठाउनु पर्नेछ ।

**१२. प्रस्ताव पेश गर्नुपर्नेः** यस निर्देशिका अनुसार कार्यक्रम आयोजना र सञ्चालन गर्न नगर खेलकुद विकास समितिले आयोजनाको मिति, स्थान, शीर्षकगत अनुमानित बजेट, सञ्चालन विधि, समावेश गरिने खेल तथा सम्भावित सहभागी खेलाडीहरुको संख्या खुलाई देहायका कागजात सहित मेयर कप खेलकुद प्रतियोगितामा सञ्चालन समिति मार्फत नगरपालिकामा प्रस्ताव पेश गर्नु पर्नेछ।

(क) व्यवस्थापन तथा निर्देशन समितिको निर्णयको छायाँप्रति।

(ख) नगर खेलकुद विकास समितिको निर्णय।

(ग) बजेट शिर्षक स्पस्ट खुलेको चालु आ.व. को नगरपालिकाको बजेट किताबको छाँया प्रति।

(घ) गत आ.व.को लेखा परिक्षण प्रतिवेदनको छायाँप्रति।

**१३. निरीक्षण तथा अनुगमनः**

(क) वडा/नगर स्तरीय मेयर कप खेलकुद प्रतियोगिताको निरीक्षण तथा अनुगमन सम्बन्धित वडा/नगर स्तरीय मेयर कप खेलकुद प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समिति र नगर खेलकुद विकास समितिबाट हुनेछ ।

(ख) वडा/नगर स्तरीय मेयर कप खेलकुद प्रतियोगिताको निरीक्षण तथा अनुगमन नगरपालिकाबाटै हुनेछ ।

**१४. लोगोः** वडा/नगर स्तरीय मेयर कप खेलकुद प्रतियोगिताको लोगो नगर खेलकुद विकास समितिको सिफारिसमा नगरपालिकाले तोके बमोजिमको हुनेछ ।

१५. **बाधा अड्काउ फुकाउने**: यस निर्देशिकाको कार्यान्वयन सम्बन्धमा कुनै समस्या आइपरेमा नगर खेलकुद विकास समितिको सिफारिसमा सो सम्बन्धी निर्णय गर्ने अन्तिम अधिकार नगरपालिकामा रहनेछ ।

१६. **निर्देशिकाको संशोधनः** नगरपालिकाले यस निर्देशिकालाई आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

१७. **खारेजी र बचाउः** वडा/नगर स्तरीय मेयर कप खेलकुद प्रतियोगिता सञ्चालन निर्देशिका,२०७६" खारेजी र बचाउको सबै अधिकार नगरपालिकामा रहने छ।

## अनुसूची - १

## सहभागी हुन भर्नुपर्ने फाराामको ढाँचा

*(दफा ४ को उपदफा (क) र उपदफा (च) सँग सम्बन्धित)*

## प्रतियोगितामा सहभागी हुन भर्नुपर्ने फारमको नमुना

**(१) सहभागी खेलाडीको नाम :**

**(२) वडा नं :**

**(३) टोल/गाउँ :**

**(४) जन्म मिति :**

**(५) सहभागी हुने खेल :**

**(६) सहभागी हुने खेलाडीको हस्ताक्षर :**

उल्लेखित व्यहोरा ठिक साँचो हो भनि प्रमाणित गर्ने,

**वडाबाट छनौट भएमा**

वडा अध्यक्षकोः

नामः

हस्ताक्षरः

मितिः

मोबाईल/फोन नंः

वडाको छापः

## अनुसूची - २
## छनौट खेलाडीलाई प्रदान गरिने प्रमाण पत्रको ढाँचा
*(दफा ४ को उपदफा (ख) संग सम्बन्धित)*

रामपुर नगरपालिका वडा स्तरीय मेयर कप खेलकुद प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको तत्वावधान तथा नगर खेलकुद विकास समितिद्धारा आयोजित अन्तर वडा/नगर स्तरीय मेयर कप खेलकुद प्रतियोगिताको ............ खेलमा ........... छनौट हुन भएकोमा यसै नगरपालिका वडा नं ...........श्री ............................................... लाई सधन्यवाद यो प्रमाणपत्र प्रदान गरिएको छ।

| | | |
|---|---|---|
| ................. | ...................... | .................... |
| दस्तखत | दस्तखत | दस्तखत |

*पुनश्चः- प्रतियोगिता सञ्चालन गर्दा वितरण गरिने प्रमाण पत्र आयोजक वा अतिथि वा विशेष अतिथि वा प्रमुख अतिथि लगायतका महानुभावहरुको मात्र दस्तखत हुनेछ।*

## अनुसूची - ३
## विजयी खेलाडीलाई प्रदान गरिने प्रमाण पत्रको ढाँचा

*(दफा ८ को उपदफा (क) संग सम्बन्धित)*

रामपुर नगरपालिका वडा स्तरीय मेयर कप खेलकुद प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको तत्वावधान तथा नगर खेलकुद विकास समितिद्धारा आयोजित अन्तर वडा/नगर स्तरीय मेयर कप खेलकुद प्रतियोगिताको ............ खेलमा ........... स्थान हासिल गर्नु भएकोमा यसै नगरपालिका वडा नं.......... श्री ...............................................लाई सधन्यवाद यो प्रमाणपत्र प्रदान गरिएको छ।

| | | |
|---|---|---|
| ................. | ...................... | .................... |
| दस्तखत | दस्तखत | दस्तखत |

*पुनश्चः- प्रतियोगिता सञ्चालन गर्दा वितरण गरिने प्रमाण पत्र आयोजक वा अतिथि वा विशेष अतिथि वा प्रमुख अतिथि लगायतका महानुभावहरुको मात्र दस्तखत हुनेछ।*

# अनुसूची - ४
## प्रगति प्रतिवेदन ढाँचा
*(दफा ४ को उपदफा (छ) सँग सम्बन्धित)*

मिति :

श्री नगर खेलकुद विकास समिति

**विषय : प्रगति प्रतिवेदन पेश गरिएको ।**

वडा/नगर स्तरीय मेयर कप खेलकुद छनौट प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन समितिद्वारा वडा नं...... मा सञ्चालित वडा/नगर स्तरीय मेयर कप खेलकुद छनौट प्रतियोगिता सम्पन्न गरी सोको प्रगति प्रतिवेदन देहाय बमोजिम तयार गरी पठाईएको व्यहोरा अनुरोध छ ।

प्रतियोगिता सञ्चालन मितिः ................ देखि ....................... सम्म

स्थान : वडा नं. ......

प्रमुख अतिथि :

**क. गाउँ/टोल स्तरीय प्रतियोगिताका सहभागीहरुको विवरण**

| वडाको खेलाडीको नाम | सहभागी गाउँ/टोलको नाम, ठेगाना | सहभागी खेलाडी संख्या | | |
|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा |
| | | | | |
| | | | | |
| | | | | |

**ख. विभिन्न खेल विधामा छनौट हुनु भएका खेलाडीको विवरण**

| खेल विधा | सहभागी वा टोली संख्या | छनौट भएका खेलाडीको नाम |
|---|---|---|
| | | |
| | | |
| | | |

*प्रमाणीकरण मितिः- २०७६/०९/२५*

आज्ञाले
बाबुराम अर्याल
प्रमुख प्रशासकीय अधिकृत